१०६५।६१८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ५३४/२०७२/०७३

निर्णय नं. ६८७

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ......................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), बर्दघाट नगरपालिका कार्यालय, नवलपरासी .............१ विपक्षी

सूचना अधिकारी, बर्दघाट नगरपालिका कार्यालय, नवलपरासी ......................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले बर्दघाट नगरपालिका कार्यालय, नवलपरासी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम बर्दघाट नगरपालिका कार्यालय, नवलपरासीलाई मिति २०७२।०७।२९, च.नं. ४६८ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त बर्दघाट नगरपालिका कार्यालय, नवलपरासीको मिति २०७२।०९।०१, च.नं.२९९०, प.सं. ०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल चैत्र ०८ गते रोज २ शुभम् ।